बेलका नगरपालिका

जिल्ला उदयपुर

कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र


| | | | |
|---|---|---|---|
| खण्ड ५ | बेलका, रामपुर | संख्या-३, | मिति २०८०/०२/२४ |


बेलका नगरपालिकाको नगर कार्यपालिकाबाट गठित भू-उपयोग परिषद्बाट प्रमाणिकरण भएको [illegible] बमोजिमका भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०८०, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

भाग-३

## बेलका नगरपालिका भू-उपयोग मापदण्ड तथा आधारहरु २०८०

**पारित मिति :** २०८०/०२/२४

प्रस्तावना :भू-उपयोग ऐन ,२०७६ तथा भू-उपयोग नियमावली,२०७९को मापदण्ड तथा आधारहरुको अतिरिक्त देहाय अनुसार यस बेलका नगरपालिकाको जग्गा वर्गिकरण गरि भू-उपयोग सम्बन्धि कार्य गर्नका लागि वान्छनिय भएकाले भू- उपयोग ऐन,२०७६ को दफा ५ को उपदफा ४ बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "बेलका नगरपालिका भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०८०, रहेको छ ।

(२) यो मापदण्ड बेलका नगरपालिकाले स्वीकृत भएको मितिबाट बेलका नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) "ऐन" भन्नाले भू-उपयोग ऐन २०७६ लाई सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले बेलका नगरपालिकालाइ सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले बेलका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तबेला, इनार, फलफुल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोवासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जगाउँदछ ।

(च) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याझएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बजोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

(छ) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु/पन्छी पालन, फार्म हाउस, मत्स्य पालन, मौरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका, जडिबुटी र कृषि बनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

(ज) "खानी" तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "भू-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ ।

(ट) "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(ठ) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

(ड) "भू-उपयोग योजना" भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

(ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ ।

(ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

(त) "व्यावसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनको चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

(ङ) "सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्त्विक महत्त्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

(च) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिंचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदानद तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु

१. हालको उपयोगमा रहेको जग्गाको यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागबाट वर्गीकरण क्षेत्रमा नै वर्गीकरण गर्ने । जोखिम लगायत अन्य सम्वेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गीकरण क्षेत्रमा वर्गीकरण गर्ने ।

२. यस अघि नापी विभागबाट आवासिय, व्यवसायिक र औधोगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा वर्गीकरण गर्ने, तर नगरपालिकाको आवश्यकता र उपयुक्त देखेमा आवासिय क्षेत्रलाई यस मापदण्डको अधिनमा रही व्यवसायिक क्षेत्रमा अध्यावधिक गर्न सकिने छ ।

४. सरकारी, सार्वजनिक तथा समुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु बाहेक) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने ।

५. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

६. स्थानीय तहबाट स्वीकृत प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

७. हाल कायम सवै किसिमका बन पैदावार क्षेत्र (धार्मिक, निजी, जग्गामा भएको बाहेक) लाई वन वर्गीकरण गर्ने ।

८. हाल उपयोगमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चका खाली जग्गा, परापूर्वकाल देखिका ऐतिहासिक धरोहर, सांस्कृतिक र पुरातात्त्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्त्विक क्षेत्रमा वर्गीकरण गर्ने ।

९. नगर क्षेत्रमा हाल सञ्चालनमा रहेको उद्योग र औद्योगिक ग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने ।

१०. हाल चलन चल्तीमा उपयोग भईरहेको पसल, बैक तथा वित्तीय संस्था, होटेल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा/फास्टफुड घर, व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा, निजी क्षेत्रबाट संचालित अन्य कार्यालयहरु र सोले चर्चेका जग्गा, निजी क्षेत्रबाट सञ्चालित अस्पताल, विद्यालय, क्यापस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्था लगायतलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने ।

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

११.निम्न मुख्य चोक तथा सडकहरूबाट देहायको अर्धब्याससम्म सडकसँग जोडिएका कित्ताको क्षेत्रलाई तपशिल्को क्षेत्रमा बिभाजन गरि वर्गीकरण गर्ने

## बेलका नगरपालिका वडा नं. १

| सि.नं. | वर्गीकरणको क्षेत्र | वर्गीकरणको विवरण | कैफियत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | **क.** छुट्याइएका आवासीय क्षेत्र भन्दा बाहेकका बाकि सबै क्षेत्रका जग्गाहरु सबै कृषि क्षेत्र ।<br>**ख.**(यस वडाको आम्बासीमा रहेको चिस्यान केन्द्र (कोल्ड स्टोर) वरिपरिको ५०(पचास) मिटर भित्रको कृषि क्षेत्र ) | |
| २ | आवासीय क्षेत्र | क. नहदा रुपनगर सडक खण्डले छोएको आम्बसी चोकको दाँयाबाँयातर्फ ३०० (तीनसय) मिटरको क्षेत्र भित्रका जग्गाहरु आवासीय क्षेत्र।<br>**ख.**नहर रुपनगर सडक खण्डसँग जोडिएर खोलिएका शाखा सडक खण्डले छोएका दाँयाबाँया तर्फ ८०(असि)मिटर र अन्त शाखा सडक सँग जोडिएर खोलिएको सडक(उपशाखा सडक) ले छोएको दाँयाबाँयातर्फ ५० (पचास)मिटरको क्षेत्र भित्रका जग्गालाई आवासीय क्षेत्र ।<br>ग. आम्बसी,पुरन्दह,रामपुर सडक खण्डले छोएको दाँयाबाँयातर्फ १००(सय) मिटर क्षेत्र भित्रका जग्गाहरुलाई आवासीय क्षेत्र ।<br>**घ.** आम्बसी,पुरन्दह,रामपुर सडक खण्डसँग जोडिएर खोलिएका शाखा सडकले छोएका दाँयाबाँयातर्फ८०(असि)मिटर क्षेत्रभित्रका जग्गाहरुलाई आबासीय क्षेत्र ।<br>**ङ.** माथि उलेख भएका बाहेक यस वडा भित्ररहेका र संचालित अबस्थाका तपसिलमा उल्लेखित सडक मार्गहरुको दाँयाबाँयातर्फ ५०(पचास)मिटरक्षेत्र भित्रका जग्गाहरूलाई आवासीय क्षेत्र । | |
| ३. | व्यवसायीक क्षेत्र | (यस वडाको क्षेत्रभित्र रहेको सहकारी संस्थाहरु रहेको क्षेत्र र साप्ताहिक रुपमालाग्ने हाट बजार(आम्बासी र पुरन्दह)कृषिबजार क्षेत्रलाई व्यवसायीक क्षेत्र कायम गर्ने) | |
| ४ | औधोगिक क्षेत्र | (यस वडाको खयरघारीमा रहेको चिस्यान केन्द्र,अभिनारायण टोलमा रहेको इटा भट्टा रहेको क्षेत्र) | |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | वर्गीकरणको क्षेत्र | वर्गिकरणको विवरण | कैफियत |
|---|---|---|---|
| ५ | खानी तथा खनिज क्षेत्र | (यस वडाको क्षेत्र भित्र रहेरबग्ने ,खुरुरिया खोला, भाल्मन्ती खोला,पुर्वी बगाहा र पश्चिम बगाहा खोला वरिपरिको क्षेत्र | |
| ६ | बन क्षेत्र | (हाल उपयोग रहेको सामुदायिक बन तथा जंगल क्षेत्र ) | |
| ७ | नदि,खोला,ताल र सिमसार क्षेत्र | (यस बेलका नगरपालिका वडा नं. १ को क्षेत्रभित्र रहेको सवै खोला खहरे र नहर ,खोल्सीको क्षेत्र ) | |
| ८ | सार्वजानिक उपयोग क्षेत्र | (बेलका जनता मा.वि. पुरन्दहको क्षेत्र,सरस्वती प्रा.वि. क्षेत्र,मा.वि. आम्बासीको विद्यालयको क्षेत्र,भालमन्तीको खेल मैदान,प्रहरी चौकीले चर्चेको क्षेत्र ) | |
| ९ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | (बेलका बाटिका क्षेत्र,भौडादेवी मन्दिर क्षेत्र,किराँत राई यायोक्खाको साकेला क्षेत्र,तपेश्वरी बाटिका क्षेत्र,पानी जलुवा क्षेत्र) | |
| १० | नेपाल सरकारले तोकेको (अन्य क्षेत्र) | (यस वडाको भाल्मन्तीमा रहेको प्रशासनिक भवन,पुरानो ( साविक तपेश्वरी गा.वि.स.को भवन) स्वास्थ संस्था तथा स्वास्थ्य चौकीको क्षेत्र) | |

तपशिल:

- अस्पताल मार्ग (पुरन्दह चौक उत्तर प्रगतिनगर टोल जाने बाटो)
- सगरमाथा मार्ग (पश्चिम पुरन्दह,तपेश्वरी र सगरमाथा टोल जाने बाटो)
- शान्ति मार्ग (भौडादेबी टोल भित्रको बाटो)
- बिधालय मार्ग (भौडादेबी टोलको दक्षिण सरस्वती स्कुल पूर्वको बाटो)
- भीमसेन मार्ग (थारु टोलबिकास भित्रको बाटो)
- बुद्ध अनन्त मार्ग (बुलबुले सामुदायिक दक्षिण हुदै वडा कार्यालय आउने बाटो ।
- अनन्त कृषि मार्ग (अनन्तमूल गाउ बाट दक्षिण पुर्ब वडा कार्याय सम्म आउने बाटो)
- मिलन टोल मार्ग (मिलान्तोल भित्रको बाटो )
- अस्थामर्ग (अस्थामर्ग हुदै तिर्थ आदर्श टोल जाने बाटो)
- आम्बासी स्कुल टोल मार्ग(स्कुलबाट आम्बसी हाईट टोल जाने बाटो)
- माझी टोल मार्ग (माझी टोल विकास भित्र को बाटो )
- झाखैर(झाखैर टोल देखि पनि जलुवा हुदै दोभान टोल जाने बाटो)
- सयपत्र मार्ग (बेलका बाटिका र दोभान तल जोड्ने बाटो)(पुर्ब पश्चिम तर्फको)
- चिश्यान केन्द्र मार्ग (अनन्त कृषि सडक बाट चिश्यान केन्द्र जाने बाटो)

प्रमुख प्रशासकीय अधिकृत

- बालुवाटार बाटो (आम्बसी चोक देखि बलुवाटार हुडाई मूल सडक जोड्ने बाटो)
- पम्पमार्ग (पेट्रोल पम्प देखि पुर्ब उत्तर पाखाली टोल जाने बाटो)
- खयरघारी मार्ग (खयरघारी टोल विकास भित्र जाने बाटो )
- पलार मार्ग (पलर टोलविकास भित्र जाने बाटो)
- संगम मार्ग (आम्बासी प्रहरी बिटको पूर्वदेखि चिस्यान केन्द्र जाने बाटो)

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल

**बेलका नगरपालिका वडा नं. २**

| |
|---|
| **१. कृषि** |
| (क)माथि उल्लेखित ८ वर्ग बाहेकका क्षेत्र र सम्पूर्ण कृषि सडक क्षेत्र । |
| **२.आबासीय क्षेत्र** |
| (क)रामपुर-भागलपुर-आम्बसी सडक,शिवालय टोल बिकास हुदै बेलहा जोड्ने कृषि सडक र बुधबारे देखि रामनगर सम्मको सडकबाट दाँया ५० मिटर बाँयाको क्षेत्र ।<br>(ख) अन्य सबै शाखा सडकको ३० मिटर दाँया र बाँयाको क्षेत्र। |
| **३.बजार क्षेत्र** |
| (क)वानडाँडा कृषि हाटबजारक्षेत्र,गल्फडियाहाट,पारुहाङ्ग हाट,चन्द्रपुर र बुधबारे हाटबजार क्षेत्र |
| **४.वन क्षेत्र** |
| (क) ससकोशी सामुदायिक वन उ.आदर्श सामुदायिक वन उ.स.र अमरज्योति सामुदायिक वन उ.स.को स्वामित्वमा रहेको क्षेत्र । |
| **५. औद्योगिक क्षेत्र** |
| (क) पथ्रा खोला,धाराखोला,ठुलो खोला,वसुवा खोला,बाँधपर्वको खोला र लालभित्ति खोलाको किनार । |
| **६.नदि तथा सिमसार क्षेत्र** |
| (क) कोशीटप्पु,वन्यजन्तुआरक्षण,पथ्रा खोला,धारा खोला,ठुलो खोला,बसुवा खोला,बाँधपुर्बको खोला गिदेरी खोला लालभित्ति खोलाको वहाव क्षेत्र । |
| **७.सार्बजनिक उपभोकको क्षेत्र** |
| (क) तपेश्वरी आ.बि.,चन्द्रोदय आ.वि.,ससकोशी मा.वि.,रामजानकी आ.वि.र शान्तिनगर आ.वि.ले चर्चेको जग्गा<br>(ख) संगमटोलको अन्त्यष्ठी स्थल र २ नं.वडा क्षेत्रभित्र पर्ने सम्पूर्ण मूल सडक,कृषि |

प्रमुख प्रशासकीय अधिकृत

सडक तथा शाखा सडकहरु ।

(ग) गिदेरी सिंचाई आयोजना,शिवालय टोल अन्तर्गतको चिल्ड्रेन पार्क,सयपत्री टोल विकास अन्तर्गतको बसपार्क गिदेरी खोला पूर्वतर्फको गौचरण,सयपत्री टोलमा खेलमैदान रहेको खेलमैदान,पारुहाङ्ग टोल अन्तर्गतको खेलमैदान गल्फडियाको खेलमैदान सुन्दर टोल अन्तर्गतको खेलमैदान,नारायणपुरको खेलमैदान,सुन्दर खेल मैदान र शान्तिनगर टोल विकास अन्तर्गत खेलमैदान,

(घ) नारायणपुर तल बिकास अन्तर्गत खेलमैदानले चर्चेको क्षेत्र शिवालय टोल अन्तर्गतको रेडक्रस भवन ससकोशी सामुदायिक वन उ.स.भवन आधारभूत स्वास्थ्य केन्द्र भवन,सार्बजनिक शौचालय,लालीगुराँस युवा क्लबको भवन पिछडा बर्गको भवन,वनडाँडा कृषि हाट बजारको भवन,वडा कार्यालयको भवन,आदर्श सा.व.उ.स.को भवन आदर्श टोलभित्र पर्ने सामुदायिक भवन,पारुहाङ्ग टोल विकासमा रहेको सामुदायिक भवन नमुना टोल बिकासको सामुदायिक भवन,अमर ज्योति, सा.व.उ.स को भवन गल्फडिया खानेपानी टंकी तथा कार्यालय भवन,प्रहरी चौकी भवन,थारु संग्रहालय भवन,सार्बजनिक युवा क्वल भवन,कोशीटप्पु बन्यजन्तुआराक्षको बार्डेन भवन,कन्चंजंगा तल बिकासको भवन,सगरमाथा टोल बिकासको भवन,चंद्रपुर टोल विकास अन्तर्गत मंगलबारे हाटबजारको भवन,बिश्वास टोलमा रहेको दलित भवन र महिला भवंनले चर्चेको क्षेत्र ।

**८.सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र**

(क) डिहिबार बाबा मन्दिर,शिवालय मन्दिर,पुर्बबिलाहाको मन्दिर,राजाजी मन्दिर थान्दासी बाबा मन्दिर सिद्द टोल विकास अन्तर्गतको शिब मन्दिर तथा गणेश मन्दिर,नमुना टोल अन्तर्गतको राधाकृष्ण मन्दिर,प्रगति टोल अन्तर्गतको बेलका राजारानी मन्दिर,आदर्श टोल अन्तर्गतको राधाकृष्ण मन्दिर,राधाकृष्ण टोल अन्तर्गतको राधाकृष्ण मन्दिर,शिवालय टोल अन्तर्गतको शिवालय मन्दिर,चंद्रपुर टोल अन्तर्गतको राधाकृष्ण मन्दिर,संगम टोल अन्तर्गतको हनुमान मन्दिर,नारायण टोल अन्तर्गतको रामजानकी मन्दिर,डिहिबार मन्दिर रामनगर टोल अनार्गतको डिहिबार मन्दिर,शान्तिनगरमा रहेको शिवालय मन्दिर तथा उक्त मन्दिरहरुले चर्चेको क्षेत्र,

(ख) सिदार्थ टोल अन्तर्गतको गुम्बा, संगम टोल अन्तर्गतको गुम्बा,लालीगुराँस टोल अन्तर्गतको चर्च र उक्त भवनहरुले चर्चेको जग्गा ।

**९.पर्यटकीय क्षेत्र**

क)कोशीटप्पु बन्यजन्तु आरक्ष क्षेत्र

(ख) कृषि तथा पशुपंक्षी

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

## बेलका नगरपालिका वडा नं. ३

| वर्गिकरण किसिम | वर्गिकरण विवरण |
|---|---|
| १. कृषि क्षेत्र क . | यस वडामा छुट्याएको आवासीय क्षेत्र र अन्य क्षेत्र बाहेक सबै कृषी क्षेत्र |
| ख. | यस वडामा प्रयोगमाआएको खसीबोका संकलन तथा वितरण केन्द्र कोल्ड स्टोर लेमन ग्रास जुस प्रशोधन केन्द्र, कान्जीहाउस र कृषिप्रयोजनको निमार्ण तथा संरक्षण गरिएको फर्म, भवन टहराहरु र सो क्षेत्रको जग्गा कृषि क्षेत्र मानिनेछ । |
| २. आवासिय क्षेत्र क | मदन भण्डारी राजमार्गले छोएको दक्षिण सिमा देखी १५० मिटर सम्म आवासिय क्षेत्र |
| ख | रामपुर भागलपुर आम्बासी सडक खण्ड यस वडाको सिमा वडा नं.९ सँग जोडिएको त्रिवेणी टोल बिकास संस्था देखि २ नं. वडा सिमाना स॰॰जोडिएको जगना टोल सम्मको सडक दाँयाबाँया १०० मिटर आवासिय । |
| ग | यस वडाको सिमाले छोएको मदन भण्डारी राजमार्गबाट छुट्टिएको दक्षिण तर्फ जाने शाखा बाटो तथा उपशाखाबाटो सडकहरुको दाँयाबाँया १०० मिटर आवासिय क्षेत्र |
| घ | सुनखानी रातापानी घुम्ने सम्मको सडक खण्ड दाँयाबाँया १०० मिटर आवासिय क्षेत्र तर यस सडक खण्डबाट छुट्टिएका शाखा तथा उपशाखा सडक खण्डको दाँयाबाँया ५० मिटरलाई आवासिय क्षेत्र । |
| ङ | रामपुर भागलपुर आम्बासी सडकखण्डबाट छुट्टिएको दाँयाबाँया शाखा बाटाहरु १. त्रिवेणी टोल हुदै पाँचधारे जाने बाटो अन्तिम डिल सम्म सडकको दक्षिण क्षेत्र १०० मिटर आवास क्षेत्र २. सोही सडक खण्डबाट छुट्टिएको श्रीकोशी जनता मा.वि. हुदै माझी टोल ढिम्की सम्म रामपुर र शुभ बिहानी क्लब भवनहुदै माझी टोल ढिम्की सम्म रामपुर भागलपुर आम्बासी सडक खण्डबाट पुर्व तर्फ नयाँ टोल हुदै माझी टोल जाने बाटो ढिम्की हुदै सम्मदाँयाबाँया १०० मिटर । |
| च | प्रगती टोल वि.सं. हुदै आदर्श आ.वि. सातपत्रे सडक खण्ड दाँयाबाँया १०० मिटर आवासिय क्षेत्र र नमुना टोल बिकास सं. अन्तगर्त सबै सडक खण्डहरुको दाँयाबाँया १०० मिटर आवासिय क्षेत्र । |
| छ | यस वडामा उपभोग माआएका अन्य सम्पुर्ण शाखा तथा उपशाखा सडकको दाँयाबाँया ३० मिटर आवासिय क्षेत्रे । |
| ३ व्यवसाययिक क्षेत्र | यस वडामा हाल उपयोगमा रहेका बैक तथा सहकारी संस्थाहरु विभिन्न वितिय संस्थाहरु साप्ताहिक लाग्ने हाटबजार तथा कृषि बजार व्यवसायिक क्षेत्र। |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

| वर्गीकरण किसिम | वर्गीकरण विवरण |
|---|---|
| ४. औधिगिक क्षेत्र | यस वडा का उपभोगमा आएको लेमन ग्रास जुस प्रशोधन केन्द्र । |
| ५. खानी तथा खनिज क्षेत्र | यस वडा मातहातबाट बहने गिदेरीखोला , मुर्ति खोला , जोगिनी, कटारी, यसोदा खोला लालखहरे जगना खोला तथा गिटी बालुवा उत्खनन तथा प्रशोधनको लागी प्रयोजन आउने क्षेत्र |
| ६. वन क्षेत्र | हाल उपयोगमा रहेको सामुदायिक वन तथा जंगल क्षेत्र भुमिहिन दलित , भुमिहिन सुकुम्बासी र अव्यस्थितबसोबासको लगत संकलन सम्बन्धि कार्यविधी २०७८ को दफा २ बाहेक रहेको क्षेत्र । |
| ७ नदीखोला, ताल सिमसार क्षेत्र | हाल वडा नं. ३ मा रहेको सम्पुर्ण खोला खोल्सी,भंगालो, नहर तथा कुलोहरु नदीखोला, ताल, सिमसार क्षेत्र। |
| ९.सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | यस वडामा वडा नं. ३ मा हाल उपयोगमा रहेको विभिन्न मठ मन्दिर, डिटीबार थान, साकेलाथान बेलका राजा–रानी भग्नावशेष दरबार परिसर, चर्च गुम्बा, देवीथानहरु र परिसर सांस्कृतीक तथा पुरातात्विक क्षेत्र। |
| १०. नेपाल सरकारबाट | यस वडामा रहेको प्रशासनिक भवन आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य सेवाहरु कन्ते चौरी बगैचा क्षेत्र । |

## बेलका नगरपालिका वडा नं. ४

| वर्गीकरण किसिम | वर्गीकरण विवरण |
|---|---|
| १.कृषि क्षेत्र (क) | यस वडामा छुट्याएको आवासयि क्षेत्र र अन्य क्षेत्र बाहेक सबै कृषि क्षेत्र |
| २.आवासिय क्षेत्र (क) | मदन भण्डारी राज मार्गको उत्तर दक्षिण सिमा देखी १५० मिटर सम्म (कटारी खोला देखी लालबजार सम्म) आवासिय क्षेत्र |
| ख | राकस्नी मार्ग (लालबजार देखी बबला हुदै भोजपुर जोड्ने सडक) को दाँया बाँया १०० मिटर सम्म आवासिय क्षेत्र। |
| ग | गौरी शंकर मार्ग को दाया बाया ८० मिटर सम्म आवासिय क्षेत्र। |
| घ | प्रर्शुराम मार्ग को दाया बाया ८० मिटर सम्म आवासिय क्षेत्र। |
| ङ | गुरुङ्ग मार्ग सडक को दाया बाया ८० मिटर सम्म आवासिय क्षेत्र मानिने छ । |
| च. | शिखर मार्ग को दाया बाया ८० मिटर सम्म आवासिय क्षेत्र। |
| छ. | बरगाछी मार्ग सडकको दाया बाया ८० मिटर सम्म आवासिय क्षेत्र। |
| ज. | सयमुरे खोर्सानि भ्फोडा सडकको दाँया बाँया ८० मिटु सम्म आवासिय क्षेत्र। |
| झ. | सुगम मार्ग सडकको दाँया बाँया ८० मिटर सम्म आवासिय क्षेत्र। |
| ञ | वोडिङ्ग बाट वडा न.३ सालघारी जाने सडकको दाँया बाँया ८० मिटर सम्म आवासिय क्षेत्र। |
| ३.ब्यवसायिक क्षेत्र | यस वडामा संचालित सहकारी संस्था तथा मनी ट्रान्स्फर आईएमी लगाएत साप्ताहिक हाट लालबजार क्षेत्रले ओगटेको क्षेत्रलाई ब्यवसायिक क्षेत्र । |
| ४.औधोगिक क्षेत्र | यस वडा भित्र संचालित फनिर्चर उधोग तथा बरफ फ्याक्ट्री ले ओगटेको क्षेत्र औधोगिक क्षेत्र। |
| ५.खानी तथा खनिज क्षेत्र | यस वडा मातहतबाट बग्ने गिदेरी खोला सिसुवा खोला तथा गिटी बालुवा उत्खनन तथा प्रसोधनको लागी प्रयोगमा आउने क्षेत्र । |
| ६.वन क्षेत्र | हाल उपभोगमा रहेको सामुदायिक वन तथा जंगल क्षेत्र भुमिहिन दलित,भुमिहिन |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

| वर्गीकरण किसिम | वर्गीकरण विवरण |
|---|---|
| | सुकुम्बासी र अव्यवस्थीत बसोवासको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ को दफा (क) बाहेक रहेको क्षेत्र । |
| ७.नदी खोला ताल सिमसार क्षेत्र | यस वडा न.४ मा रहेको सम्पुर्ण खोला खोल्सी नहर तथा कुलोहरु नदी खोला ताल सिमसार क्षेत्र । |
| ८.सार्वजनिक उपयोग क्षेत्र | यस वडा न.४ मा रहेको सरकारी विद्यालय सडक सिचाई कुलो वा नहर ईनार चौतारी गुरुङ्ग चौरी खेल मैदान, लालेपा खेल मैदान टोल विकास संस्थाको भवन स्वास्थ्य तथा वडा कार्यालय भवन तथा सार्वजनिक उपयोगको लागी तोकिएको वा संरक्षीत क्षेत्र । |
| ९.सास्कृतिक तथा पुरातात्विक क्षेत्र | यस वडा न.४ मा हाल उपयोगमा रहेको विभिन्न मठ,मन्दिर गौरीशंकर शिवालय मन्दिर राकस्नी आध्य शक्ति मन्दिर गुरुदेव शिवपार्वती मन्दिर श्री साकेला यलम्बर हाङ्ग किरात सेवा संस्था पार्क अखाडी देविस्थान साँस्कृति तथा पुरातात्विक क्षेत्र । |

## बेलका नगरपालिका वडा नं. ५

| वर्गिकरणको किसिम | बर्गिकरणको मापदण्ड |
|---|---|
| १. कृषि क्षेत्र | - यस बेलका न.पा. वडा नं.५ मा तोकिएको आवासीय र अन्य क्षेत्र बाहेक सबै कृषि क्षेत्र ।<br>- सुपाडेको आइतवारे बजार र ,शिखरमाडीको बुधवारे बजार तथा कृषि प्रयोजनको लागि निर्माण भएको कृषि तथा पशु फर्म । |
| २. आवासीय क्षेत्र | स्थलगत उपयोगमा कायम भएका यस बे.न.पा.५ का बाटो/सडकहरुको आधार मानि देहाय बमोजिम आवास क्षेत्र तोकिएको<br>- मदन भण्डारी राजमार्गको दायाँ वायाँ ५० मिटर क्षेत्रफलको क्षेत्र आवास क्षेत्र<br>- मदन भण्डारी राजमार्गले छुटिने उत्तर तथा दक्षिण तर्फका शाखा सडकहरुको दायाँ वायाँ ४० मिटर क्षेत्रफल सम्म आवासीय क्षेत्र ।<br>- शाखा सडकहरुबाट कटिएका न्युनतम ८-१४ मिटर क्षेत्रफल कायम भएका उपशाखा बाटाहरुको दायाँ वायाँ ४० मिटर सम्मको क्षेत्रफल आवासीय क्षेत्र ।<br>- उपशाखा बाटाहरुसंग जोडिएका न्युनतम ४-६ मिटर सम्म क्षेत्रफल भएका बाटाहरुको दायाँ वायाँ ३० मिटर सम्मको क्षेत्रफल आवासीय क्षेत्र ।<br>- हाल अवस्थित तथा निर्माण भइ उपयोगमा आएका भित्री क्षेत्रमा संरचित घर जग्गा भएको अवस्थामा सो घरको परिधि २० मिटर पर्ने गरि आवासीय क्षेत्र । |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

| वर्गिकरणको किसिम | बर्गिकरणको मापदण्ड |
|---|---|
| | साविक कटुन्जे ववला वडा नं.१ र २ वडा तथा वडा नं.५ मा गाभिएका स्थानहरुमा बाटाहरुको दायाँ वायाँ २० मिटर क्षेत्रफललाई आवासीय क्षेत्र । |
| ३.व्यवसायीक क्षेत्र | -यस बेलका न.पा वडा नं.५मा विभिन्न किसिमका व्यवसाय संचालन भएका क्षेत्रहरु व्यवसायीक क्षेत्र । |
| ४.औधोगिक क्षेत्र | - यस बेलका न.पा वडा नं.५ मा संरक्षण गरिएको तथा निर्माणको लागी प्रसतावित औधोगिक ग्राम रहेको क्षेत्रलाई औधोगिक क्षेत्र । |
| ५.खानी तथा खनिज क्षेत्र | - यस वडामा अवस्थित मैनी खोला,गिदेरी खोला,बाँस खोला,लाल खहरे,रानी पधेरा,दारी खोला लगायत उत्खननमा आउने साना खहरे खोला तथा खोल्साहरु । |
| ६.वन क्षेत्र | - हाल सामुदायीक वन उपभोक्ता समितिले संचालनमा ल्याएका वन तथा जंगल क्षेत्रहरु |
| ७.नदी,खोला,ताल,सिमसार क्षेत्रहरु | - यस वडाबाट बग्ने गिदेरी खोला,कंचिरा खोला,गर्धने खोला,लाल खहरे,बाँस खोला तथा सहायक खोलाहरु । |
| ८.सार्वजनिक क्षेत्र | -यस वडामा रहेका १० वटा विद्यालयहरु,शिखरमाडी खेल मैदान,सुपाडे खेल मैदान,सुपाडे भलिवल खेल मैदान,पोखरे भलिवल खेल मैदान तगाएत सार्वजनिक उपयोगमा रहेका क्षेत्रहरु । |
| ९.सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु | - यस वडामा अवस्थित भूतिया दह,सुखा पोखरी,गाईखुरे डाँडा,सिलपट गुफा,शिखरमाडी शिवालय मन्दिर,अनन्त शिवालय मन्दिर सुपाडे,शिव मन्दिर घुम्ने,राधा कृष्ण मन्दिर खयरवनी,शिकारी थान सुपाडे,साकेला थान सुपाडे । |
| १०.नेपाल सरकारले तोकियको क्षेत्र वाहेक अन्य क्षेत्र | - माथी उल्लेखित क्षेत्र बाहेकका अन्य क्षेत्र । |

## बेलका नगरपालिका वडा नं. ६

| | |
|---|---|
| १. कृषि क्षेत्र | यस वडाले छुटाएको अवासिय क्षेत्र र अन्य क्षेत्र वाहेक सवै कृषी क्षेत्र |
| २.आवास क्षेत्र | मदन भण्डारी राजमार्ग वाट : २२५ मिटर दाँयाबाँया |
| | मदन भण्डारी राजमार्ग वाट छुटिएको शाखा सडक : १५० मिटर दाँयाबाँया |
| | शाखा सडक वाट छुटिएको उपशाखा सडक : १०० मिटर दाँयाबाँया |
| | घर भएको क्षेत्र : ५० मिटर दाँयाबाँया |
| ३. व्यवसायिक क्षेत्र | पुवारे थुम्काको ऐलानी प्रति जग्गा |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| १. कृषि क्षेत्र | यस वडाले छुटाएको अवासिय क्षेत्र र अन्य क्षेत्र वाहेक सवै कृषी क्षेत्र |
| | वुद्धचोकको प्रस्ताविक वसपार्क |
| | यस वडामा लाग्ने चण्डी वजार क्षेत्र |
| ४.औधिगिक क्षेत्र | मसला प्रसोधन |
| ५.खानी तथा खनिज क्षेत्र | ढुङ्गा खानी क्षेत्र |
| ६. वन क्षेत्र | यस वडाको अधिकाशं क्षेत्र ७० % प्रतिशत रहेको मानिस वसोवास नभएको खोला र सिमसार भएको ठाउँ |
| ७.नदि खोला ताल सिमसार | दुधकोशी ,लाफा दोला ,राक्चे खोला ,वगुवा घारे , दुधे ,सिस्ने ,सिसुवा ,कटारी मर्ति , यसोदा सेति |
| ८. सार्वजानिक उपयोग क्षेत्र | वडा सेवा कार्यलय |
| | १० शैया अस्पताल |
| | खाने पानी ओभर हेड ट्यांकी |
| | साकेला पार्क |
| | भिमसेन थान |
| | ईसाई समाज |
| | लेकाली खेल मैदान |
| | वसपार्क |
| | यस वडाको सवै चर्जहरु |
| | यस वडाको विद्यालयहरु |
| | वडा कार्यलय ववला |
| | स्वास्थ्य चौकी ववला |
| | अतिथी गृह भवन |
| | सामुदायीक भवन हरु |
| | खोप केन्द्र |

## बेलका नगरपालिका वडा नं. ७

| वर्गीकरणको किसिम | वर्गीकरणकको विवरण |
|---|---|
| १.कृषि क्षेत्र क | यस वडा नं. ७ मा छुट्याइएको आवासीय क्षेत्र र अन्य क्षेत्र बाहेक सबैंक्रिशी क्षेत्र |
| ख | तोकिएको आवासीय र अन्य क्षेत्र बाहेक सबै कृषि क्षेत्र। |
| २.आवासीय क्षेत्र क | कोठु हुदै चुवार भोजपुर जोड्ने सडक सोमबारे हुदै मायुङटार भोजपुर जोड्ने सडकले छोएको सिमा देखि १५० मिटर सम्म आवासीय क्षेत्र तोकिएको |
| ख | अन्य शाखा सडकहरु दाँयाबाँया १०० मिटर आवासीय क्षेत्र तोकिएको |

प्रमुख प्रशासकीय अधिकृत

| वर्गीकरणको किसिम | वर्गीकरणकको विवरण |
|---|---|
| ३.व्यवसाय क्षेत्र | यस बेलका नगरपालिका वडा नं.७ भित्र विभिन्न किसिमका व्यवसाय सन्चालन भएको क्षेत्रहरु व्यवसाय संचालन भएको क्षेत्र तोकिएको । |
| ४.औधोगिक क्षेत्र | यस बेलका नगरपालिका वडा नं.७ मा संरक्षण गरिएको तथा निर्माणको लागि प्रसतावित औधोगिक ग्राम रहेको क्षेत्रलाई औधोगिक क्षेत्र तोकिएको |
| ५.वनक्षेत्र | हाल समुदयिक वन उपभोक्ता समितिले संचालनमा ल्यायको वन तथा जंगल क्षेत्रहरु| |
| ६.नदि खोला ताल सिमसार क्षेत्र | यस वडामा बग्ने सेसोपा खोला,कोलोहोङ्ग खोला,रोस्तें खोला,सङखुवा खोला पर्वसिल खोला,मटेरी खोला तथा अन्य सहायक खोलाहरु |
| ७.सार्बजनिक क्षेत्र | यस वडा मा रहेको ८ वटा बिध्यालयहरुवासी गाऊ फुटबल खेल मैदान,महरुङ फुटबल खेल मैदान,पवाला भलिबल खेल मैदान,लगायत सार्बजनिक उपभोक्ता रहेका क्षेत्रहरु| |
| ८.सास्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र | कोसोपा खोला,मन्दिर मटेरी खोला, सङखुवा खोला तथा गीटि बालुवा तथा प्रसोधनको लागि प्रयोजन आउने क्षेत्र । |
| ९.नेपाल सरकारक तोकिएको कसेर बाहेक अन्य क्षेत्र | माथि उल्ल्लेखित क्षेत्र बाहेकका अन्य क्षेत्र । |

## बेलका नगरपालिका वडा नं. ८

१. कृषि क्षेत्र (क). त्यस वडा नं.८ को आवासीय क्षेत्र र अन्य क्षेत्र बाहेक सबै कृषि क्षेत्र

२.आवासीय क्षेत्र

१. चतरा रुपनगर सडको १।ख खण्डको दाँया १२५ मि. र बाँया १२५ मि.
२. चतरा रुपनगर सडको १।ग खण्डको दाँया १२५ मि. र बाँया १२५ मि.
३. चतरा रुपनगर सडको १।घ खण्डको दाँया ८० मि. र बाँया ८० मि.
४. चतरा रुपनगर सडको १।ङ खण्डको दाँया ५० मि. र बाँया ५०मि.
५. चतरा रुपनगर सडको ९।ट खण्डको दाँया १०० मि. र बाँया १००मि.
६. चतरा रुपनगर सडको १।क खण्डको दाँया १०० मि. र बाँया १०० मि.
७. सोमबारे मायूङ्टार भोजपुर सडकमा पर्ने ९।छ दाँया ७५ मि. र बाँया ७५ मि.
८. सोमबारे मायूङ्टार भोजपुर सडकमा पर्ने ९।च दाँया ७५ मि. र बाँया ७५ मि.

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

९. सोमबारे मायूङ्टार भोजपुर सडकमा पर्ने ९।ग दाँया ५० मि. र बाँया ५० मि.

१०. सोमबारे मायूङ्टार भोजपुर सडकमा पर्ने ९।क दाँया १०० मि. र बाँया १०० मि.

११. भिमफेदी राधाकृष्ण मन्दिर पिपलचोक सडकमा पर्ने १।क दाँया ७० मि. र बाँया ७० मि.

१२. चक्रपुर रिङरोड जोड्ने सडकमा पर्ने १।क दाँया ५० मि. र बाँया ५० मि.

१३. कलभट देखी राधाकृष्ण मन्दिर जोड्ने सडक १।क दाँया ४० मि. र बाँया ४० मि.

१४. दिव्यज्योती सडकमा पर्ने १।क दाँया ४० मि. र बाँया ४० मि.

१५. साकेला सडकमा पर्ने १।च दाँया ५० मि. र बाँया ५० मि.

१६. धोपा लेम्लेमा सडकमा पर्ने ९।ङ दाँया ५० मि. र बाँया ५० मि.

१७. धोपा लेम्लेमा सडकमा पर्ने ९।घ दाँया ५० मि. र बाँया ५० मि.

१८. भोटेबारी डुडखोला सडकमा पर्ने ९।च दाँया ४० मि. र बाँया ४० मि.

१९. छोटे पानाराङ्ग माझटोल सडकमा पर्ने ९।ज दाँया ५० मि. र बाँया ५० मि.

२०. छोटे पानाराङ्ग माझटोल सडकमा पर्ने ९।झ दाँया ७५ मि. र बाँया ७५ मि.

२१. छोटे पानाराङ्ग माझटोल सडकमा पर्ने ९।छ दाँया ४५ मि. र बाँया ४५ मि.

२२. दिवाजोर खसटोल सडक पर्ने ९।ठ दाँया ४० मि. र बाँया ४० मि.

२३. दिवाजोर खसटोल सडक पर्ने ९ ।ञ दाँया ७५ मि. र बाँया ७५ मि.

२४. डुम्रीबोटे सिसौली सडक पर्ने १ ।ग दाँया ५० मि. र बाँया ५० मि.

२५. रंगमहल रिङरोड सडक पर्ने १।घ दाँया ५० मि. र बाँया ५० मि.

२६. महांकाली शाखा सडक पर्ने १।ग दाँया ४० मि. र बाँया ४० मि.

२७. मेखबारी पुरानो सडक पर्ने ९ ।ट दाँया ५० मि. र बाँया ५० मि.

२८. दिवाजोर खसटोल सडक पर्ने ९ ।ञ दाँया ७५ मि. र बाँया ७५ मि.

२९. डुम्री बोट शाखा सडक १।ग दाँया ४० मि.र बाँया ४० मि.

३०. बोसाङ्ग सिवले सडक पर्ने ९ ।छ दाँया ४० मि. र बाँया ४० मि.

३१. आराङ्गा न्याहुले सडक पर्ने ९ ।घ दाँया ४०मि. र बाँया ४० मि.

३२. झण्डी डाँडा प्यारागलाडिङ्ग उदान जाने सडक पर्ने ९ ।छ दाँया ५० मि. र बाँया ५० मि.

*पुन्श्च : नेपाल सरकार द्वारा गठित राष्ट्रिय भूमि आयवरा र स्थानीय सरकार बेलका नगरपालिकाले सम्झौता गरि हाल सरकारी ऐलानी प्रति जरगा व्यावस्थापन गर्न लगत तथा नाप नक्साङ्कन कार्य भएता पनि सोको लागि यस वर्गीकरणको मापदण्ड लागु नहुने छ ।*

रतीश गौतम
प्रमुख प्रशासकीय अधिकृत

३.व्याबसायिक **क्षेत्र** : हाल प्रयोगमा रहेको सहकारी,वित्तीय संस्था, होटल, प्रदर्शनी कक्ष,पेट्रोल पम्प ,मनोरञ्जन सम्बन्धी सेवा,सुचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै ब्यवसायिक प्रयोजनको लागि निर्माण गरिएका भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएका जग्गालाई ब्यावसायिक क्षेत्र ।

४. **औद्यौगिक क्षेत्र** : त्यस वडा नं. ८ मा अवस्थित पाराग्लाइडिङ्ग क्षेत्र ,कोशी क्षेत्र पर्यटन क्षेत्र ।

१. खानी तथा **खनिज क्षेत्र** : हाल उपयोगमा रहेको उत्खन्न गर्ने खहरे खोला नाला तथा खोल्सालाई बालुवा,ढुङ्गा र गिट्टि उत्खन्न क्षेत्र ।

२. वन क्षेत्र : हाल उपभोगमा रहेको सामुदायिक वन,सरकारी वन(निजि वन बाहेक) जंगलले चर्चेको क्षेत्रलांई वन क्षेत्र। तर भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्याविधि २०७८ को दफा २ (क) बाहेक वन क्षेत्र ।

३. नदि,**खोला,ताल ,सिमसार क्षेत्र** : यस वडामा रहेको कोशी नदी,कोठु खोला, बकुन्द्रेखोला, बैरुवा खोला ,सेती खोलाहरु ।

४. **सार्वजनिक उपयोगको क्षेत्र** : त्यस वडा ८ मा अवस्थित सरकारी विद्यालय,स्वास्थ्य भवन,सेती खोलाको छेउको खेल मेदान,आराङ्गा खेल मैदान, मेखबारी खेलमैदान ,कर्कले खेलमैदान, डुडखोला खेलमैदान,भिमफेदी खेलमैदान, कोठुको सार्वजनिक शौचालय, यस वडा भित्र निर्माण भएको खाने पानीका मुहान,टयाङ्की ,डिप बोरिङ र टोल विकास संस्थाहरुद्धारा बनाएका तथा प्रस्तावित संरचनाहरु सार्वजनिक उपयोगको क्षेत्र ।

५. सास्कृतिक **तथा पुरातात्विक महत्वको क्षेत्र** : यस वडामा रहेका तथा निर्माण भएका र निर्माणको प्रक्रियामा रहेका सम्पुर्ण मठ,मन्दिर,चर्च,गुम्वा,पार्क ,साकेलाथान,वौद्धविहार तथा धार्मिक प्रयोजनका लागि बनाईएका र रहेका संरचना सांस्कृतिक तथा पुरातात्विक क्षेत्र ।

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

६. नेपाल **सरकारबाट आवश्यकता अनुसार तोकिएको अन्य क्षेत्र** : यस वडा अन्तर्गत रहेको कोशी टप्पु वन्यजन्तु आरक्ष ,आवश्यकता अनुसार आवासीय ,ब्यावसायिक क्षेत्र विस्तार तथा नियम अनुसार ।

## बेलका नगरपालिका वडा नं. ९

१. **कृर्षि क्षेत्र**

(क) वडा नं. ९ को आवासीय क्षेत्र र अन्य क्षेत्र बाहेक सबै कृर्षि क्षेत्र ।

२. **आबासीय क्षेत्र**

(क) पश्चिममा वडा नं. ६/३ सिमा र पुर्वमा वडा नं. ८ को सिमा भित्र रहेको मदन भण्डारी राजर्मागको सिमादेखी दाया बाया ३०० मिटर आवासीय क्षेत्र ।

(ख) मदन भण्डारी राजमार्गबाट खोलिएको उत्तर-दक्षिण जाने सडक रामपुर आम्बासी सडक खण्ड बाहेक ८० मिटरको क्षेत्रलाई आबासीय क्षेत्र ।

(ग) मदन भण्डारी राजमार्गबाट छुटिएको रामपुर,भागलपुर आम्बासी सडक खण्डमा पर्ने रामपुरको पुरानो ठाना चौकदेखि वडा नं.३ को सिमना जोड्ने त्रिबेणी चौक सम्मको सडक दाया वाया १२० मिटर आवासीय क्षेत्र ।

(घ) यस वडाको शाखा सडकलाई छुएको उप-शाखा सडकहरुका दाया बाया ५५ मिटर आवासीय क्षेत्र ।

(ङ) हाल चलन चल्तीको प्रयोमा रहेको शाखा तथा उप-शाखा वाटाहरुको दाया वाया ५० मिटर क्षेत्रलाई आवासीय क्षेत्र ।

(च) यस वडा भित्र संचालित तथा उपभोगमा रहेका घर बसोबास भएका तथा घरको रुपमा भोग गरिरहेको ५० मिटर वरिपरिका क्षेत्रलाई आवासीय क्षेत्र ।

*पुन्श्च: नेपाल सरकार द्वारा गठित राष्ट्रिय भूमि आयोग र स्थानीय सरकार बेलका नगरपालिकाले संम्झौता गरि हाल सरकारी ऐलानी प्रति जग्गा ब्यावस्थापन गर्न लगत तथा नाप नक्साङ्न कार्य भएता पनी सोको लागि यस वर्गीकरणको माम्डन्ड लागु नहुने ।*

३. **ब्याबसायिक क्षेत्र**

यस वडा भित्र हाल प्रयोगमा रहेको बैंक, सहकारी, वितीय संस्था, भचुवामा पर्ने कृर्षि हाटबजार, होटल,प्रदर्शनी कक्ष, पेट्रोल पम्प,गोदामघर, संचार,मनोरञ्जन सम्बन्धि सेवा,सुचना तथा परामर्श उपलब्ध गराउने संस्था,अन्य कुनै ब्यवसायिक प्रयोजनको

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

लागि निर्माण गरिएका भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागी छुट्याईएका जग्गालाई ब्यवसायिक क्षेत्र।

**४ औद्योगिक क्षेत्र**

हाल उपभोगमा रहेको औधौगिक ग्राम,चिस्यान केन्द्र,क्रसर उपादनका लागि प्रयोगमा आउने खोला, ईट्टा भट्टा,राईस मिल,सामान/वस्तु उत्पादन गर्ने कलकारखाना,कुनै पनि कार्यस्थल बा वस्तु उत्पादन गर्ने उद्योग तथा सो संचालनको लागि निर्माण गरिएका भवन,घर,टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्टयाएको जग्गालाई औद्योगिक क्षेत्र ।

**५ खानी तथा खनिज क्षेत्र**

हाल उपयोगमा रहेको उत्खन्न गर्ने खहरे खोला नाला तथा खोल्सालाई बालुबा,ढुङगा र गिट्टि उत्खन्न क्षेत्र ।

**६ वन क्षेत्र**

हाल उपभोगमा रहेको सामुदायिक वन , सरकारी वन (निजी वन बाहेक) जंगलले चर्चेको क्षेत्रलाई वन क्षेत्र मानिनेछ । तर भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्याविधि २०७८ को दफा २ (क) बाहेक वन क्षेत्र ।

**७ नदि,खोला,ताल, सिमसार क्षेत्र**

यस वडाको माछापुच्छ्रे सामुदायिक वन क्षेत्रको सिमनामा रहेको जलक्न्या देवी थान परिसर सिमसार तथा ताल क्षेत्र र साविक नक्सामारहेको खोला तथा कुला,नालाहरुलाई यथावतमा कायम ।

**८ सार्वजनिक उपयोगको क्षेत्र**

यस वडामा अवस्थित सरकारी विद्यालय,विश्व विद्यालय,स्वास्थ्य भवन,पशु तथा कृर्षि कल्भ भवनहरु हाल उपभोगमा रहेको साबिक भचुवा खेल मैदान, भचुवा कुभर्ड हल,रंगशाला खेल मैदान,खारखोला खेल मैदान,सेवाकेन्द्र टोल विकासमा पर्ने वसपार्क, चारजिङ्ग स्टेसन,प्रहरी चौकी रामपुर, पुरानो ठाना,हाल अवस्थित ईलाका प्रहरी कार्यालय रामपुर,रामपुर बजार नजिक रहेको निर्मित सभाहल,यसोदा खोला नजिक निर्माण भएको सार्वजनिक शौचालय, यस वडा भित्र निर्माण भएका खाने पानीका मुहान, ट्याङ्की,डिप बोर्डिङ्क,अनाथ पशुपंक्षी संरक्षण क्षेत्र,जनजाती महासंग भवन,दलित भवन, गर टोल विकास संस्थाहरुद्धारा बनाएका तथा प्रस्तावित संरचनाहरु सार्वजनिक उपयोगको क्षेत्र ।

**९ सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र**

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

यस वडामा रहेका तथा निर्माण भएका र निर्माणको प्रक्रियामा रहेका सम्पुर्ण मठ, मन्दिर, चर्च,गुम्वा,पार्क,साकेला थान,बौद्धविहार तथा धार्मिक प्रयोजनका लागि बनाईएका र रहेका संरचना सास्कृतिक तथा पुरातात्विक क्षेत्र ।

**१० नेपाल सरकाबाट अबश्यकता अनुसार तोकिएको अन्य क्षेत्र**

- यस वडा अन्तरगत रहेको नगरपालिकाको गौरवको आयोजना फौहोर मैला प्रशोधन तथा उद्यान पार्क
- आबश्यकता अनुसार आवासिय क्षेत्र र ब्यावसायिक क्षेत्र बिस्तार गर्न ।

आज्ञाले :
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत
बेलका नगरपालिका

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत